आज मिति २०८२/०५/[illegible] गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | प्र. प्र. अ. | श्री ओमसेन पन्त |
| २ | | (सूचना अधिकारी) इ. | श्री इशान्त श्रेष्ठ |
| ३ | | अ. इ. | श्री गुना शर्मा |
| ४ | | प्रे. स. | श्री लक्ष्मी श्रेष्ठ |

<u>प्रस्तावहरु</u>

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. कार्यविधि पास गर्ने सम्वन्धमा ।

३. सदस्यता/नविकरण शुल्क/व्यवस्थापकीय खर्च भुक्तानी सम्बन्धमा ।

४. योजनाको नाम लगायतका त्रुटी संशोधन गर्ने सम्बन्धमा ।

५. सडक सुपरभाईजर सम्वन्धमा ।

६. करारोपण नगरेको व्यहोरा स्वघोषणा सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

<u>निणर्य नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

<u>निणर्य नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यपालिकामा पेश हुन आएको देहाय बमोजिमको कार्यविधिको संशोधन प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(१) निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि-२०७५ (दोश्रो संशोधन-२०८२)

<u>निणर्य नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगरपालिकाले अर्न्तराष्ट्रिय स्तरमा सम्वन्ध स्थापनाको लागि The League of Historical Cities, Eclay, United Cities and Local Governments Asia-Pacific (UCLG ASPAC), CityNet, Mayor for Peace, LUCI (The International Network of Cities of Urban Lighting) जस्ता अर्न्तराष्ट्रिय संस्थाहरुसंगको सदस्यतालाई जिवन्त राख्नको लागि सदस्यता/नविकरण शुल्क भुक्तानी गर्ने र सो कार्यको लागि आवश्यक समन्वय गर्ने संस्था श्री Miami Consulting Services प्रा.लि.को समन्वय तथा व्यवस्थापकीय खर्च समेत सम्झौता बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा १७ औं नगरसभाबाट विनियोजन भएका वडा तथा नगरस्तरिय योजना तथा कार्यक्रमको नाममा केही त्रुटी भएका र नाम फरक परी योजना कार्यान्वयनमा समस्या भएका योजना तथा कार्यक्रमको नाम आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी हाल वडा कार्यालयको सिफारिसको आधारमा संशोधित नाम राखी योजना सम्झौता गर्ने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १० र ११ मा संचालित गलुवा खोला भकुण्डे रायडाँडा सड्क निर्माण योजनामा प्रत्यक्ष फिल्डमा सुपरभाईजरको कामकाज गर्ने र सोही योजनाको कन्टेन्जेन्सीबाट ज्याला भुक्तानी गर्ने गरी बा.न.पा. वडा नं. १० निवासी देवेन्द्र बहादुर भण्डारीलाई दैनिक ज्यालादारीमा कामकाज गर्ने गरी यसपूर्व खटाईएकोमा उक्त योजनाको बाँकी काम अन्तीम चरणमा पुगेको हुँदा २०८२ माघ मसान्त सम्मको लागि मात्र उक्त सडकको निर्माण कार्य रेखदेख गर्ने गरी निजको जिम्मेवारीलाई निरन्तरता दिने निर्णय गरियो ।

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ५४ मा कानुन बमोजिम बाहेक कर लगाउन/उठाउन र ऋण लिन नपाउने गरी गरेको व्यवस्था बमोजिम बागलुङ नगरपालिकाले चालु आ.व.मा उक्त कानुनी व्यवस्थालाई पूर्ण पालना गरेको र उक्त कानुनी व्यवस्थालाई पूर्ण पालना गर्ने गरी क्षेत्राधिकार बाहिर करारोपण नगरेको व्यहोरा स्व:घोषणा गर्ने निर्णय गरियो ।